apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।



## वडाबाट हुने कामको अपेक्षा सांसदसँग

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०१ गते**



तीन तहका सरकारमध्ये नागरिकको सबैभन्दा नजिकको स्थानीय सरकारअन्तर्गत वडाबाट हुने कामको समेत अपेक्षा प्रतिनिधिसभा सदस्यबाट गर्न थालिएको सिरहा-१ का सांसद तथा पूर्वखेलकुदमन्त्री बब्लु गुप्ताले बताउनुभएको छ।

आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचित भएपछि मतदाता भेटघाट कार्यक्रममा जाँदा स्थानीयवासीले वडा तहबाटै मर्मत तथा सुधार गर्नुपर्ने बाटोघाटो, खानेपानी र सरसफाइका कामको सूचीसमेत बुझाउन थालेको उहाँले बताउनुभयो।

"नौ वर्षमा स्थानीय, प्रदेश र सङ्घीय सरकारसमेतको गरी पाँच करोडदेखि १० करोड रुपियाँसम्म बजेट स्थानीय तहमा गएको छ। तर गाउँको विद्यालय, एक सय मिटर सडक निर्माण, खानेपानीको व्यवस्था र सामाजिक न्यायका काम भएका छैनन्," सांसद गुप्ताले सञ्चारकर्मीसँगको भेटघाटमा भन्नुभयो, "सङ्घीय सरकारको सांसदको हैसियतले शिक्षा, स्वास्थ्य, पूर्वाधार र सिँचाइ योजनाका लागि ठुलो आकारको सङ्घीय बजेट ल्याउन पहल गर्ने हो। सानातिना काम निष्पक्ष भएर स्थानीय तहले गर्नुपर्ने हो।"

लहान नगरपालिका-१३ घलेटोलमा स्थानीयवासीसँगको भेटघाटका क्रममा दुई सय मिटर सडकमा ग्राभेल, विद्यालयको सरसफाइ, खानेपानी, बाटो फराकिलो बनाउने तथा सामाजिक न्यायसम्बन्धी समस्या स्थानीय दलित समुदायले राखेको सांसद गुप्ताले सुनाउनुभयो।

उहाँले भन्नुभयो, "यी काम स्थानीय तह र वडाले गर्नुपर्ने हो तर भएका छैनन्। आफू निर्वाचित भएको छ महिनामा सङ्घीय स्तरबाट शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा काम गरिरहेका छौँ।

स्थानीय तथा प्रदेश सरकारका जनप्रतिनिधिसँग समन्वय गरेर स्थानीय जनताका समस्या समाधानका लागि पहल गर्नेछौँ।"

## भानुबिनाको भानुचोक

### नाम भानु चोक, तर भानुभक्तको सालिक छैन, विवादका कारण वर्षौंदेखि चोकको पहिचान नै अलमलमा



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०१ गते**

वीरगन्जबाट जनकपुरधामको पिडारी चोकमा बसबाट ओर्लिएकी आश्वी कर्णले साथीलाई फोन गरिन्। गत बुधबार जनकपुर आएकी उनलाई साथीले भानु चोक आउन भनिन्। सिटी रिक्साबाट भानु चोक पुगेपछि उनले पसलमा राखिएको बोर्डमा 'भानु चोक' लेखिएको देखिन्। आफू साथीले भनेको ठाउँमा आइपुगेको ठानिन्। तर यताउता हेर्दा त्यहाँ भानुको कुनै नामनिसाना देखिनन्।

उनले साथीलाई सोधिन्, 'किन यो ठाउँलाई भानु चोक भनिएको हो ?' साथीले सडकको बीचमा रहेको सानो खाल्डोतर्फ देखाउँदै भनिन्, 'यही ठाउँमा भानुभक्तको प्रतिमा थियो। त्यसैले यो ठाउँलाई भानु चोक भनिएको हो।'

नाम भानु चोक भए पनि त्यहाँ अहिले भानुभक्तको प्रतिमा छैन। मधेश प्रदेशको राजधानी जनकपुरधाम आइपुग्ने जोकोहीका लागि भानु चोक नौलो नाम होइन। सहरको मुटुमा रहेको यो ठाउँ मुख्य बजारका रूपमा परिचित भएकाले दिनभर चहलपहल भइरहन्छ। तर यही चहलपहलबीच आश्वीजस्तै धेरैको मनमा एउटा कौतूहल हुन्छ- आखिर कहिले बन्छ यो

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेश सांसद खातुनको निधन



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०१ गते**

मधेश प्रदेशसभाकी सांसद जैनब खातुनको निधन भएको छ।

एमालेबाट समानुपातिक सांसद बनेकी रौतहटकी खातुनको बिहीबार बिहान निधन भएको मधेश प्रदेशका सभामुख रामआशिष यादवले जानकारी दिए। यादवका अनुसार खातुन लामो समयदेखि बिरामी थिइन्। उनको उपचारको क्रममा निधन भएको हो।

सभामुख यादवले प्रदेशसभाको बैठक हाल नचलिरहेकाले प्रदेश सांसद खातुनको निधनप्रति दुख व्यक्त गर्दै शोक सन्देश जारी गरिने बताए।

## घटनामा दोषी देखिएकालाई कारबाही हुन्छ: मन्त्री यादव



**अपन दैनिक संवाददाता**
**सप्तरी, असोज ०१ गते**

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले गजेन्द्रनारायण सिंह अस्पतालको गेटअगाडि सडकको पेटीमा शिशुलाई जन्म दिएकी बबिता पासवानको घर पुगेर आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन्।

बिहीबार गृहजिल्ला राजविराज आएका मन्त्री यादवले राजविराज नगरपालिका-१४ पर्साहीस्थित पासवानको घर पुगेर अस्पतालमा भएको घटनाबारे जानकारी लिनुका साथै आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका हुन्।

उक्त घटनाबारे जानकारी प्राप्त भए लगत्तै दोषी देखिएकामाथि कारबाहीको प्रक्रिया अघि बढिसकेको मन्त्री यादवले बताए। गत बुधबार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा ३० वर्षीया बबिता पासवान सुत्केरी हुन अस्पताल पुगेकी थिइन्।

आवश्यक रकमको जोहो गर्न नसकेपछि बबिताले सडकको पेटीमा छोरालाई जन्म दिएकी थिइन्। उक्त दृश्य सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमबाट सार्वजनिक भएको थियो।

## अख्तियारमा एक वर्षमा ४० हजार ८४२ उजुरी: मधेश प्रदेश र काठमाडौं महानगरविरूद्ध भ्रष्टाचारका उजुरी धेरै

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०१ गते**



आर्थिक वर्ष २०८२/८३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कुल ४० हजार ८४२ वटा उजुरी कायम भएका छन्।

आयोगले बिहीवार काठमाडौंमा पत्रकार सम्मेलन गरी यसबारे जानकारी गराएको हो। आयोगका प्रवक्ता एवं सूचना अधिकारी सुरेश न्यौपानेका अनुसार यसमध्ये आयोगको केन्द्रीय कार्यालय तथा मातहतका कार्यालयहरूमा नयाँ दर्ता भएका उजुरी ३३ हजार ५१९ वटा रहेका छन्। अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरेर आएका उजुरी ७ हजार ३२३ वटा रहेका थिए।

कुल ४० हजार ८४२ उजुरीमध्ये स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट ३२ हजार ८२३ वटा (८०.३७ प्रतिशत) उजुरी फर्स्यौट भएका छन्। आयोगको केन्द्रीय कार्यालय, टङ्गालमा रहेका २४ हजार ९७ उजुरीमध्ये २० हजार ३८५ वटा (८४.६० प्रतिशत) र मातहत कार्यालयहरूका १६ हजार ७४५ उजुरीमध्ये १२ हजार ४३८ वटा (७४.२८ प्रतिशत) फर्स्यौट भएका न्यौपानेले बताए।

फर्स्यौट हुन बाँकी रहेका ८ हजार १९ वटा उजुरी आर्थिक वर्ष

बाँकी पृष्ठ ३ ▸▸

## धनुषाकी 'चाची' भारतीय प्रहरीद्वारा सार्वजनिक, परिवारविरुद्ध भारतमा आधा दर्जन एफआरआई दर्ता

### श्रीमान्-श्रीमती र पाँच छोराछोरी नै आपराधिक गिरोहमा संलग्न रहेको आरोप

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०१ गते**



'चाची' नामले परिचित धनुषाको विदेह नगरपालिका-दुहबीकी हीरादेवी महासेठलाई भारतीय प्रहरीले पक्राउ गरेर सार्वजनिक गरेको छ। जिल्ला प्रहरी मुख्यालय, मधुबनी बिहारले उनलाई सार्वजनिक गरेको हो।

सो मुख्यालयका प्रहरी प्रमुख एसपी योगेन्द्र कुमारले ६७ वर्षीया 'चाची' लाई भारतको मधुबनीस्थित बासोपट्टी क्षेत्रबाट सशस्त्र सीमा बल (एसएसबी) र बिहार प्रहरीले संयुक्त रूपमा पक्राउ गरेको बताए। एसपी कुमारका अनुसार ४८औँ वाहिनी सशस्त्र सीमा बल जयनगरको समन्वयमा जानकीनगर र बिहार प्रहरीको संयुक्त टोलीले गोप्य सूचनाका आधारमा मंगलबार राति करिब १२:३० बजे उनलाई पक्राउ गरेको थियो।

'चाची'लाई अन्तर्राष्ट्रिय सीमा स्तम्भ नम्बर अर्थात् पिलर २७७/४६ बाट करिब १० मिटरभित्र भारतीय क्षेत्रमा पर्ने दुबही बजार नजिकैबाट नियन्त्रणमा लिइएको बताइएको छ। पक्राउका क्रममा एसएसबी ४८औँ वाहिनीका सहायक कमान्डेन्ट पारस राठी र बासोपट्टी प्रहरी थानाका प्रमुख प्रहरी उपनिरीक्षक कार्तिक भगत नेतृत्वको टोली परिचालन भएको थियो। 'चाची' माथि भारतीय कानुनको भाषामा 'आदतन अपराधी' (पटके अपराधी) तथा लामो समयदेखि फरार अभियुक्तका रूपमा उल्लेख गरिएको छ।

चाचीको परिवारमाथि भारतमा आधा दर्जनभन्दा बढी मुद्दा दर्ता

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

### एम्बुलेन्स तस्करीको साधन नबनोस्

एम्बुलेन्स बिरामीको जीवन बचाउन दौडिने आकस्मिक सवारीसाधन हो। दुर्घटना, गम्भीर बिरामी वा अन्य स्वास्थ्यसम्बन्धी आपत्कालीन अवस्थामा समयमै अस्पताल पुऱ्याएर जीवन जोगाउने यसको मूल उद्देश्य हो। तर पछिल्ला समय एम्बुलेन्सजस्तो संवेदनशील र मानवीय सेवामा समर्पित सवारीसाधनलाई अवैध गतिविधिमा प्रयोग गर्ने प्रवृत्ति देखिनु गम्भीर चिन्ताको विषय बनेको छ। विशेषगरी नेपाल-भारत सीमावर्ती क्षेत्रमा एम्बुलेन्सलाई प्रतिबन्धित लागुऔषधको ओसारपसार तथा तस्करीमा प्रयोग गरिनु राज्यको सुरक्षा संयन्त्रका लागि चुनौती हो। एम्बुलेन्सलाई सामान्य सवारीसाधनजस्तो सहज रूपमा रोक्ने, जाँच गर्ने वा लामो समय नियन्त्रणमा राख्ने अवस्था प्रायः आउँदैन्। बिरामी बोकेको सवारीसाधनलाई अनावश्यक अवरोध गर्दा आकस्मिक उपचार प्रभावित हुन सक्ने भएकाले सुरक्षाकर्मी र सम्बन्धित निकायले पनि संवेदनशीलता अपनाउनुपर्ने हुन्छ। यही मानवीय संवेदनशीलताको दुरुपयोग गर्दै आपराधिक समूहले एम्बुलेन्सलाई तस्करीको माध्यम बनाउनु अत्यन्त गम्भीर अपराध हो।

नेपालबाट भारततर्फ गाँजा तथा भारतबाट नेपालतर्फ प्रतिबन्धित औषधिजन्य लागुपदार्थ ओसारपसारमा एम्बुलेन्स प्रयोग हुने घटनाहरू सार्वजनिक भइरहेका छन्। मधेश प्रदेशमा समेत एम्बुलेन्सबाट पटकपटक लागुऔषध बरामद भएका घटनाले समस्या सामान्य नभएको संकेत गर्छ। यसले एकातर्फ लागुऔषध नियन्त्रणको चुनौती बढाएको छ भने अर्कोतर्फ वास्तविक बिरामीका लागि अत्यावश्यक एम्बुलेन्स सेवाप्रतिको विश्वासमा समेत असर पार्न सक्छ। एम्बुलेन्सको दुरुपयोग रोक्नु भनेको आकस्मिक स्वास्थ्य सेवालाई थप सुरक्षित र विश्वसनीय बनाउनु पनि हो। त्यसैले एम्बुलेन्सलाई तस्करीमा प्रयोग गर्ने व्यक्ति, चालक, सञ्चालक वा संगठित समूह जोसुकै भएपनि प्रचलित कानुनअनुसार प्रभावकारी अनुसन्धान र कारबाही हुनुपर्छ। तर कारबाही एम्बुलेन्समा लागुऔषध भेटिएपछि सुरु हुने प्रतिक्रियात्मक अभ्यासमा सीमित हुनु हुँदैन। तस्करीको सञ्जाल, आर्थिक कारोबार, सवारीसाधनको स्वामित्व र प्रयोगको उद्देश्यसम्म पुग्ने गरी अनुसन्धान आवश्यक छ।

त्यसैगरी एम्बुलेन्स सञ्चालन गर्ने संस्था तथा सम्बन्धित स्थानीय तह र स्वास्थ्य निकायले पनि आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्छ। एम्बुलेन्सको नियमित अभिलेख, चालक तथा सञ्चालकको विवरण, बिरामी ओसारपसारको रेकर्ड र सञ्चालन क्षेत्रको निगरानी व्यवस्थित बनाउन सकिन्छ। प्रविधिको प्रयोगमार्फत एम्बुलेन्सको आवागमन र परिचालनको अभिलेख राख्नु पर्छ। यसले वास्तविक आकस्मिक सेवामा प्रयोग भइरहेको एम्बुलेन्स र त्यसको आवरणमा हुने गैरकानुनी गतिविधिबीच फरक छुट्याउन सहयोग पुऱ्याउँछ। तर निगरानी र चेकजाँचको नाममा वास्तविक बिरामी बोकेका एम्बुलेन्सलाई अनावश्यक दुःख दिने अवस्था पनि सिर्जना हुनु हुँदैन। सुरक्षा जाँच आवश्यक भएपनि त्यसलाई बिरामीको अवस्था र आकस्मिकताको संवेदनशीलतालाई ध्यानमा राखेर छिटो, व्यवस्थित र जोखिममा आधारित बनाउनुपर्छ। सबै एम्बुलेन्सलाई शंकाको दृष्टिले हेर्ने होइन, दुरुपयोगको सम्भावना कम गर्ने प्रभावकारी प्रणाली निर्माण गर्नु अहिलेको आवश्यकता हो।

सरकारले एम्बुलेन्सको प्रयोगलाई स्पष्ट रूपमा आकस्मिक स्वास्थ्य सेवामा सीमित गर्ने, गैरआकस्मिक वा अन्य प्रयोजनमा हुने प्रयोगलाई नियमन गर्ने र दुरुपयोग भएमा जिम्मेवार पक्षमाथि कारबाही हुने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। सीमावर्ती क्षेत्रमा सुरक्षा निकायबीच सूचना आदानप्रदान र समन्वय अझ मजबुत बनाउन आवश्यक छ। एम्बुलेन्सलाई लागुऔषध तस्करीको माध्यम बनाउने प्रवृत्तिमाथि सुरुदेखि नै निगरानी बढाउन सके यसले अपराध नियन्त्रणसँगै स्वास्थ्य सेवाको गरिमा पनि जोगाउनेछ। एम्बुलेन्स अपराध लुकाउने साधन होइन, जीवन बचाउने साधन हो। केही व्यक्तिको गैरकानुनी गतिविधिका कारण सम्पूर्ण एम्बुलेन्स सेवा र त्यसमा निर्भर बिरामी तथा नागरिकको विश्वास कमजोर हुन दिनु हुँदैन। त्यसैले एम्बुलेन्सको दुरुपयोग गरी लागुऔषध कारोबार गर्ने प्रवृत्तिमाथि कठोर कानुनी कारबाहीसँगै प्रभावकारी नियमन, अभिलेखीकरण र निगरानी आवश्यक छ। एम्बुलेन्सलाई यसको मूल उद्देश्यमा नै परिचालन गर्नुपर्छ। आकस्मिक स्वास्थ्य सेवा र जीवनरक्षामा मात्र केन्द्रित हुन एम्बुलेन्सको सदुपयोग गर्नुपर्छ। यसका निम्ति हरेक पक्षले आआफ्नो तर्फबाट प्रभावकारी भूमिका निर्वाह गरी एम्बुलेन्समा हुने अवैध गतिविधिमा रोक लगाउँदै आकस्मिक सेवामा समर्पित बनाउनु पर्छ।

# बीबीएस अध्ययनरत युवाले खर्च जुटाउन खोले चिया पसल

## भक्तजनलाई दुई दिन निःशुल्क चिया खुवाएपछि पलायो व्यवसायको सोच




✍ **प्रवीण दत्त**

जनकपुरधाम-११, जानकी चोकका २५ वर्षीय उत्सव गुप्ता बीबीएस तहमा अध्ययनरत छन्। अध्ययनसँगै उनी समाजसेवामा पनि रुचि राख्छन्। अध्ययन होस् या समाजसेवा- सबैभन्दा पहिला पैसाकै प्रवन्ध गर्नुपर्ने हुन्छ।

उत्सवको परिवारको आर्थिक अवस्था त्यति राम्रो छैन। उनको परिवारमा ४ जना छन्। बुवा मुन्ना भारतको एक कम्पनीमा काम गर्छन् भने आमा संगीता अपाङ्गता भएकी छन्। उनले ब्यूटी पार्लर खोलेकी छन्। बहिनी उन्नती प्लस टुमा अध्ययनरत छिन्। बुवा र आमाको कमाइले जसोतसो घरको आवश्यकता पूरा हुन्छ।

आफू र बहिनीका लागि पढाइ खर्च, समाजसेवाप्रतिको रुचि, दैनिक पकेट खर्च लगायतका लागि उत्सवसँग आम्दानीको स्रोत थिएन। व्यापार-व्यवसाय गर्न उनीसँग पूँजी पनि थिएन।

चार वर्ष अघि विवाह पञ्चमीको मेला लाग्नु अघि उत्सवले साथीभाइसँग मिलेर भक्तजनका लागि निःशुल्क चिया खुवाउने प्रवन्ध गरे। दुई दिनसम्म उनीहरूले विवाह पञ्चमीका अवसरमा आउने भक्तजनलाई चिया खुवाए।

भक्तजनका लागि चिया पकाउँदा पकाउँदै उनको मनमा आइडिया पलायो- चिया पसल सञ्चालन गर्ने।

यसका लागि धेरै ठुलो लगानी पनि आवश्यक नपर्ने, कुनै ठुलो योजना पनि बनाउनु नपर्ने। उत्सवका लागि चिया पसल सञ्चालन गर्न खासै ठुलो चुनौती लागेन। यसबारे उनले साथीहरूसँग सल्लाह गरे। सबैले उनलाई उत्साह भर्ने काम गरे।

विवाह पञ्चमी सकिएको सातौं दिनमा एउटा सटर भाडामा लिएर उनले चिया व्यापार सुरु गरे।

**५०० रुपैयाँ लगानीमा खुल्यो चिया पसल**

उत्सवले ५०० रुपैयाँको लगानीबाट चिया पसल सुरु गरेका हुन्। 'मसँग पैसा थिएन। जम्मा ५०० रुपैयाँबाट व्यापार सुरु गरेको हुँ,' उनले भने, 'पसलका लागि भाँडा, ग्यास लगायतका सामान घरबाटै ल्याएँ।'

उत्सवका अनुसार दुध, चिनी, चियापत्ती र कागजको गिलासका लागि उनले ५०० रुपैयाँ लगानी गरेका थिए। 'सुरुमा सबै कुरा थोरै-थोरै लिएँ,' उनले भने, 'चिया बेचेर आएको पैसाले फेरि ती सामान किनेर ल्याउने गरेको थिएँ।'

पछि उनले आम्दानीको निश्चित हिस्सा व्यापारमै लगानी गर्न थाले। सुरुमा चियाको मात्र व्यापार गरेका उनले पछि गएर गर्मी सिजनमा लस्सीको व्यापार गर्न थाले।

बीबीएस तहमा अध्ययनरत रहेका कारण उनले पसलको नाम पनि बीबीएस नै राखेका छन्। पसलको नाम भने एक महिला मित्रले जुराइदिएको उनको भनाइ छ।

'पसलको नाम के राख्ने भन्नेबारे सोच्दैगर्दा निर्णयमा पुग्न सकिरहेको थिइनँ,' उनले भने, 'साथीभाइसँग पनि यसबारे सल्लाह गरिरहेको थिएँ। दुई-तीन वटा नाममा चर्चा चलिरहेको थियो।'

नामचाहिँ 'युनिक' नै राख्नुपर्छ भनेर सबैसँग सल्लाह लिएको उत्सवले सुनाए। यत्तिकैमा महिला मित्रले आफूलाई बीबीएस नाम राख्न सल्लाह दिएको उनले बताए। 'बीबीएसमा पढ्दै गरेको र यो नाम आफैंमा युनिक हुने ठानेर मैले यही नाम राख्ने निधो गरेँ,' उनले भने।

व्यापारले पढाइलाई असर नगरेको उत्सवले बताए। 'पढाइ र व्यापार मेरालागि उत्तिकै आवश्यक भएको छ,' उनले भने, 'पढ्ने खर्च जुटाउनका लागि व्यापार आवश्यक भयो। पढाइ नगरी त भविष्य नै हुँदैन। त्यसैले कुनै एकलाई मात्र प्राथमिकता दिने भन्ने होइन कि मेरालागि दुवै उत्तिकै महत्त्वपूर्ण विषय बने।'

जनकपुरको मोर्निङ ग्लोरी स्कुलबाट एसईई, मोडेल क्याम्पसबाट प्लस टु अध्ययन गरेका उनी अहिले राजर्षि जनक क्याम्पसमा बीबीएस अन्तिम वर्षमा अध्ययनरत छन्।

दिनभरि पसल चलाउने र राति ३-४ घण्टा पढ्ने गरेको उनले बताए। 'अहिलेसम्म फेल हुनुपरेको छैन, अगाडि के हुने हो भन्ने त कसलाई के थाहा?' उनले भने।

जानकी चोकको एक सटरमा चिया पसल खोलेका उनी बिहानै ७ बजे पसल खोल्न आइपुग्छन्। राति ९ बजेसम्म उनको पसल खुला हुन्छ। 'गर्मीमा चिया थोरै खपत हुन्छ, त्यसैले गर्मी सिजनमा लस्सी पनि राख्ने गरेको छु' उनले भने, 'तर अहिले लस्सीको खासै व्यापार छैन।'

सटर भाडा मासिक १२ हजार रुपैयाँ तिर्नुपर्ने उनले बताए। सबै खर्च कटाएर मासिक ४०/४५ हजार रुपैयाँ आम्दानी भइरहेको उनको भनाइ छ। उनले भने, '५ सय रुपैयाँबाट सुरुवात गरेको पसलमा अहिले १ लाखभन्दा बढी पुँजी भइसकेको छ।'

**सामाजिक कार्यलाई पनि निरन्तरता**

व्यापार र अध्ययनलाई 'एक रथको दुई पाङ्ग्रा'झैं समानान्तर रूपमा अघि बढाएका उत्सवले सामाजिक कार्यलाई पनि निरन्तरता दिँदै आएका छन्। कुनै संघसंस्थाले कतै सरसफाइ, रक्तदान लगायतका कार्यक्रम आयोजना गरेमा उनी त्यहाँ पुगेर सेवाभावले काम गर्दै आएका छन्।

उत्सवले जागिरको अनुभव पनि लिइसकेका छन्। व्यापार थाल्नुअघि उनले क्याम्पसमै रोजगारी पाएका थिए। तर, जागिरमा लाग्दा आत्मसन्तुष्टि प्राप्त नगरेको उनले सुनाए। 'मलाई सामाजिक काममा पनि समय निकाल्नुपर्ने हुन्थ्यो,' उनले भने, 'जागिर खाएपछि एक प्रकारको बन्धनमा परेको महसुस हुन्थ्यो। अहिले कुनै सामाजिक काममा जानुपर्दा म पसल बन्द गरेर भए पनि जान सक्छु, तर जागिरमा त्यस्तो हुँदैन।'

उनको पसलमा अहिले गर्मी सिजनमा दैनिक १० देखि १५ लिटरसम्म र जाडोको सिजनमा २५ देखि ३० लिटरसम्म दुधको खपत हुन्छ।

देशमा शान्ति-सुव्यवस्था हुँदा व्यापार-व्यवसायबाट राम्रो आम्दानी गर्न सकिने उनी सुनाउँछन्। 'पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने मलाई लाग्दैन,' उनले भने, 'व्यापार-व्यवसाय गरेर युवाले आफ्नो भविष्य निर्माण गर्न सक्छन्। लगानी गर्न पुँजी छैन भनेर बस्ने होइन, आफूले गर्न सक्ने काममा हात हाल्यो भने त्यसले नै तपाईंलाई स्थापित गर्दै लैजान्छ।'

धार्मिक पर्यटनका दृष्टिले जनकपुर महत्त्वपूर्ण सहर भए पनि सरकारले त्यस अनुसारको नीति, प्रबन्ध गर्न नसकेको उत्सव बताउँछन्। 'सहर सफा हुनुपर्छ, यहाँ आउने भक्तजनले कुनै असहजता महसुस गर्न भएन,' उनले भने, 'यसका लागि राज्यले वातावरण निर्माण गर्ने हो।'

धार्मिक पर्यटकको चहलपहल बढेमा धेरै युवालाई स्वरोजगारको अवसर सिर्जना हुने उनले बताए।

**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## आजको राशिफल

**मेष :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**बृष :** वैवाहिक जीवन सुखमय रहनेछ र साझेदारीका कामहरूबाट राम्रो लाभ मिल्नेछ।

**मिथुन :** पुराना रोकिएका कामहरू सम्पन्न गर्नका लागि आजको दिन अनुकूल रहेको छ।

**कर्कट :** बुद्धिमत्ता र रचनात्मक सोचको प्रयोग गरेर कठिन कामहरू समेत सहजै पूरा गर्न सक्नुहुनेछ।

**सिंह :** घरायसी वातावरणमा केही असमझदारी वा खटपट उत्पन्न हुन सक्ने भएकाले बोल्दा संयम अपनाउनुहोला।

**कन्या :** पराक्रम र आत्मविश्वास उच्च रहनेछ, जसले गर्दा जटिल चुनौतीहरूको पनि सहजै सामना गर्न सक्नुहुन्छ।

**तुला :** आर्थिक कारोबार गर्दा र कसैलाई धन भिलत गर्दा विशेष सावधानी अपनाउनुहोला।

**वृश्चिक :** आज चन्द्रमा तपाईंकै राशिमा रहने हुनाले आत्मविश्वास र ऊर्जा भरिपूर्ण रहनेछ।

**धनु :** विदेश यात्रा वा वैदेशिक क्षेत्रसँग सम्बन्धित कामहरूमा देखिएका अवरोधहरू हट्नेछन्।

**मकर :** विभिन्न स्रोतहरूबाट आकस्मिक धन लाभ हुने प्रबल योग रहेको छ।

**कुम्भ :** व्यापार व्यवसाय र करिरियरको क्षेत्रमा ठूलो सफलता हात पार्ने दिन छ।

**मीन :** भाग्यले साथ दिने हुनाले गरेका हरेक कार्यहरूमा सफलता प्राप्त हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# वित्तीय सङ्घीयता बलियो बनाउन तीन तहबिच समन्वय आवश्यक: अर्थमन्त्री भट्टराई

## कर तथा गैरकर सङ्कलनमा दोहोरोपना अन्त्य गर्न एकीकृत प्रणालीको आवश्यक

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०१ गते**
मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले नेपालको सङ्घीय शासन प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय सङ्घीयतालाई बलियो बनाउनुपर्नेमा जोड दिएका छन्।

तीन तहको सङ्घीय शासन प्रणालीको मूल स्तम्भ नै वित्तीय सङ्घीयता भएकाले सङ्घ, प्रदेश र स्थानीय तहबिच अधिकार, स्रोत र जिम्मेवारीको स्पष्ट बाँडफाँटसहित प्रभावकारी समन्वय आवश्यक रहेको उनले बताएका हुन्।

नेपाल नगरपालिका सङ्घद्वारा आयोजित 'वित्त व्यवस्थापनमा प्रदेश तथा स्थानीय सरकारका साझा अधिकार' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री भट्टराईले संविधानले तीनै तहका सरकारका अधिकार र जिम्मेवारी स्पष्ट गरे पनि कार्यान्वयनका क्रममा कानुनी अस्पष्टता, दोहोरोपना र अधिकार क्षेत्रसम्बन्धी जटिलता अझै कायम रहेको उल्लेख गरे।

नेपालमा वित्तीय सङ्घीयताको अभ्यास सुरु भएको झन्डै एक दशक पुग्न लाग्दा तीनै तहका सरकारमा गम्भीर तथा प्रणालीगत चुनौती रहेको उनले बताए। 'कर तथा गैरकर शुल्कको सङ्कलन र बाँडफाँटमा स्पष्टता नहुँदा प्रदेश र स्थानीय तहबिच अधिकार क्षेत्रको विवाद तथा दोहोरोपना बेलाबेलामा दोहोरिन्छ,' उनले भने।

सङ्घ र स्थानीय तहको तुलनामा प्रदेश सरकारको कर आधार अत्यन्त कमजोर रहेको बताउँदै उनले अनुमानित राजस्व बाँडफाँट तथा समानीकरण अनुदान समयमै उपलब्ध नहुँदा प्रदेश सरकारहरूलाई वित्तीय दबाब बढिरहेको स्पष्ट पारे। कानुनबमोजिम स्थानीय तहले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने राजस्व बाँडफाँटको रकम समयमा उपलब्ध नहुँदा समस्या थप जटिल बनेको उनको भनाइ छ।



तीनै तहका सरकारबिच राजस्व सङ्कलन र प्रशासनमा पर्याप्त समन्वय हुन नसकेको उल्लेख गर्दै उनले 'सिलो कल्चर' अन्त्य गरी नेटवर्कका रूपमा काम गर्नुपर्नेमा जोड दिए। राजस्व चुहावट नियन्त्रण र करको आधार विस्तारका लागि एकीकृत प्रणाली आवश्यक रहेको औँल्याउँदै उनले भने, 'करदाताका लागि छुट्टाछुट्टै परिचय नम्बरको सट्टा विद्यमान 'प्यान' लाई एकीकृत रूपमा प्रयोग गर्न सके भरपर्दो करदाता डाटाबेस निर्माण गर्न सकिन्छ।'

वित्तीय व्यवस्थापनलाई अनुशासित र पारदर्शी बनाउन मधेस प्रदेश सरकारले बजेटसँगै वित्तीय हस्तान्तरणको व्यवस्था सुरु गरेको जानकारी उनले दिए। प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको समयसीमा विनियोजन ऐनमै स्पष्ट गर्ने व्यवस्था गरिएको भन्दै उनले घरजग्गा रजिस्ट्रेसन शुल्क र सवारी साधन करजस्ता साझा राजस्व अधिकारलाई व्यवस्थित बनाउन नीतिगत तथा संरचनागत सुधार अघि बढाएको दाबी गरे।

प्रदेश बजेटलाई साना तथा टुक्रे योजनामा छर्नुभन्दा रूपान्तरणकारी र दिगो विकासका आयोजनामा केन्द्रित गर्ने नीति लिइएको उनले जानकारी दिए। केही योजनामा क्षेत्राधिकारभन्दा बाहिर लगानी गर्दा समस्या उत्पन्न भएको स्वीकार गर्दै मन्त्री भट्टराईले आन्तरिक आयस्रोत वृद्धि, रोजगारी सिर्जना र आम्दानीका स्रोत विस्तारका लागि प्रदेश र स्थानीय सरकारबिच साझेदारी आवश्यक रहेको बताए।

सङ्घीयताको सफल कार्यान्वयनका लागि एकअर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्ने प्रवृत्ति अन्त्य गरी सहयोग, समन्वय र सहकार्यको संस्कृति विकास गर्नुपर्नेमा उनले जोड दिए। 'वित्तीय व्यवस्थापनमा पारदर्शिता र जबाफदेहिता बढाउन प्रदेश तथा स्थानीय तहमा विद्युतीय सुशासनको प्रयोगलाई प्रभावकारी बनाउनेतर्फ अब सबै अग्रसर हुनुपर्छ,' उनले भने।

कार्यक्रममा संविधानविद् तथा प्रशासनविद् काशीराज दाहालले विषयवस्तुबारे स्पष्ट पारेका थिए भने पवन लोहनीले कार्यपत्र प्रस्तुत गरेका थिए।






## अख्तियारमा एक वर्षमा ४० हजार ८४२ उजुरी: मधेश प्रदेश ...........

२०८३/८४ का लागि जिम्मेवारी सरेका छन्।

आयोगमा सबैभन्दा धेरै उजुरी वेबसाइटमार्फत दर्ता भएका छन् भने इमेल, लिखित निवेदन, हुलाक, टेलिफोन, सामाजिक सञ्जाल र 'हेलो सरकार'लगायतका माध्यमबाट समेत उजुरी प्राप्त भएका प्रवक्ता न्यौपानेले बताए।

आर्थिक वर्ष २०८२/८३ मा कायम कुल उजुरीको तहगत विश्लेषण गर्दा स्थानीय तहमा हुने अनियमितताविरुद्ध सबैभन्दा बढी उजुरी परेको पाइएको छ। कुल उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित उजुरी सर्वाधिक २० हजार २५ वटा अर्थात् ४९.०३ प्रतिशत रहेका छन्।

त्यस्तै, सङ्घीय सरकारसँग सम्बन्धित उजुरी १५ हजार ५१२ वटा (३७.९८ प्रतिशत) रहेका छन् भने प्रदेश सरकारसँग सम्बन्धित उजुरी सबैभन्दा कम ५ हजार ३०५ वटा (१२.९९ प्रतिशत) दर्ता भएका छन्। यसले नागरिक तहमा स्थानीय सरकारको कार्यसम्पादनप्रति बढी असन्तोष र उजुरी परेको तथ्य पुष्टि गर्दछ।

**सङ्घीय मन्त्रालयमा भूमि व्यवस्था र सामान्य प्रशासनमा सर्वाधिक उजुरी**
सङ्घीय सरकारतर्फ कायम भएका १५ हजार ५१२ उजुरीमध्ये १० मन्त्रालयको सूचीमा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित परेका प्रवक्ता न्यौपानेले बताए। जहाँ ३ हजार ३६ वटा (१९.५७ प्रतिशत) उजुरी रहेका छन्।

**बढी उजुरी पर्ने शीर्ष १० सङ्घीय मन्त्रालयहरू**
सङ्घीय मन्त्रालयहरूमा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा छन्। जहाँ ३ हजार ३६ (१९.५७ प्रतिशत), शिक्षा तथा खेलकुद मन्त्रालयमा १ हजार ९८३, गृह मन्त्रालयमा १ हजार ७५७, पूर्वाधार विकास मन्त्रालयमा १ हजार ९५, अर्थ मन्त्रालयमा ८७७, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा ८१६, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा ६५७, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ५६३, कृषि, वन तथा पर्यावरण मन्त्रालयमा ५४८ र सूचना तथा सञ्चार मन्त्रालयमा ३९९ वटा उजुरी परेका छन्।

यी १० मन्त्रालयबाहेकका अन्य सङ्घीय मन्त्रालय तथा निकायहरूमा ३ हजार ७८१ वटा (२४.३८ प्रतिशत) उजुरी परेका न्यौपानेले बताए।

**प्रदेशमा मधेश अग्रस्थानमा, स्थानीय तहमा काठमाडौं र पोखरा महानगर शीर्षमा**
प्रदेश सरकारतर्फका कुल ५ हजार ३०५ उजुरीमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा १ हजार ४७५ वटा (२७.८ प्रतिशत) र सबैभन्दा कम गण्डकी प्रदेशमा ४०७ वटा (७.६७ प्रतिशत) उजुरी परेका छन्।

कोशी, वागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी धेरै रहेका छन् भने मधेश प्रदेशमा भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका उजुरी सर्वाधिक रहेका छन्।

स्थानीय तहका कुल २० हजार २५ उजुरीमध्ये पनि मधेश प्रदेशका स्थानीय तहहरूमा सबैभन्दा बढी ७ हजार ३७० वटा (३६.८० प्रतिशत) उजुरी परेका छन्।

**उजुरी परेका शीर्ष १० स्थानीय तहहरू**
स्थानीय तहमा सबैभन्दा बढी उजुरी काठमाडौं महानगरपालिकामा ४२१ वटा (२.२ प्रतिशत) र दोस्रोमा पोखरा महानगरपालिकामा ३७२ वटा (१.८६ प्रतिशत) रहेका छन्।

त्यसपछिका शीर्ष तहहरूमा क्रमश: विदेह नगरपालिका (धनुषा), छिपहरमाई गाउँपालिका (पर्सा), जनकपुर उपमहानगरपालिका (धनुषा), सिरहा नगरपालिका (सिरहा), जितपुरसिमरा उपमहानगरपालिका (बारा), सुवर्ण गाउँपालिका (बारा), वीरगञ्ज महानगरपालिका (पर्सा) र पचरौता नगरपालिका (बारा) रहेका छन्।

शीर्ष १० स्थानीय तहमध्ये ८ वटा मधेश प्रदेशकै रहेका छन्।

**सङ्घीय मामिला र शिक्षामा व्यापक उजुरी**
विषय क्षेत्रगत आधारमा हेर्दा कुल उजुरीको एक तिहाइभन्दा धेरै अर्थात् १४ हजार ४३९ वटा (३५.३५ प्रतिशत) उजुरी सङ्घीय मामिला क्षेत्र (स्थानीय तहसमेत) सँग सम्बन्धित रहेका प्रवक्ता न्यौपानेको भनाइ छ।

त्यसपछि समग्र शिक्षा क्षेत्रमा १४.६७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनमा ७.०८ प्रतिशत, भूमि प्रशासनमा ६.७७ प्रतिशत, गृह प्रशासनमा ४.५० प्रतिशत, वन तथा वातावरणमा ४.०७ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातमा ३.७६ प्रतिशत, स्वास्थ्यमा ३.६४ प्रतिशत र नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी ३.३९ प्रतिशत उजुरी दर्ता भएका छन्।

यस्तै ऊर्जा तथा सिँचाइमा २.५० प्रतिशत, अर्थमा २.२४ प्रतिशत, संस्कृति तथा पर्यटनमा १.५७ प्रतिशत र अन्य क्षेत्रमा १०.४६ प्रतिशत उजुरी रहेका छन्।

**विशेष अदालतमा १७५ मुद्दा : ९९० प्रतिवादी, २५ अर्ब २३ करोड बिगो मागदाबी**
प्रतिवेदन अवधिमा आयोगको कुल ६२ वटा बैठक बसी विभिन्न विषयमा जम्मा १ हजार १३० वटा निर्णय भएका छन्। जसमध्ये विभिन्न भ्रष्टाचारजन्य कसुरमा विशेष अदालतमा १७५ वटा मुद्दा दायर गरिएका छन् भने ५८५ वटा उजुरी तामेलीमा राखिएका छन्।

**दायर १७५ मुद्दाको वर्गीकरण**
सार्वजनिक सम्पत्ति हानि नोक्सानीमा ५६ वटा (सर्वाधिक) मुद्दा दर्ता भएका छन्। घुस (रिसवत) सम्बन्धी ४१ वटा, गैरकानुनी लाभ वा हानि २७ वटा, झुटा/नक्कली शैक्षिक प्रमाणपत्र १५ वटा, गैरकानुनी सम्पत्ति आर्जन ११ वटा, राजस्व चुहावट/हिनामिना ५ वटा, सम्पत्ति शुद्धीकरण कसुर ५ वटा र अन्य कसुरहरू १५ वटा रहेका न्यौपानेले बताए।

विशेष अदालतमा दायर गरिएका मुद्दाहरूमा १४५ जना महिला, ८०१ जना पुरुष र ४४ वटा संस्था गरी कुल ९९० लाई प्रतिवादी बनाइएको छ। कुल बिगो मागदाबी २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार ९८९ रुपैयाँ ८२ पैसा रहेको उनले जानकारी दिए।

विशेष अदालतबाट यस आर्थिक वर्षमा कुल १५६ वटा मुद्दाको फैसला प्राप्त भएकोमा ८१ वटा मुद्दामा (५१.९२ प्रतिशत) कसुर कायम भई आयोगलाई सफलता प्राप्त भएको छ।

यसै अवधिमा सर्वोच्च अदालतमा कुल १०४ वटा पुनरावेदन दर्ता गरिएको छ। त्यस्तै, आयोगले गरेको पुनरावेदनउपर सर्वोच्च अदालतले गरेको फैसलामा चित्त नबुझी सोही अदालतमा ३ वटा पुनरावलोकन निवेदन दर्ता गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिए।

**आयोगको रणनीति, नीतिगत सुधार र आगामी चुनौतीहरू**
आयोगले आफ्नो पाँचौं रणनीतिक योजना अन्तर्गत उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत सुदृढीकरणका ७३ क्रियाकलापमध्ये दोस्रो वर्षमै १९ वटा सम्पन्न गरी २६ प्रतिशत प्रगति हासिल गरेको जनाएको छ।

प्रवक्ता न्यौपानेका अनुसार आयोगले प्रवर्धनात्मक अभियानअन्तर्गत चितवन, डडेलधुरा, बाजुरा र डोटी गरी ४ जिल्ला र १३४ स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

यस्तै, 'सुशासन सवाल' र 'नीति संवाद' टेलिभिजन कार्यक्रम, एफएम सन्देश तथा सम्पत्ति शुद्धीकरण अनुसन्धानसम्बन्धी पाक्षिक/मासिक तालिम सञ्चालन गरिएको छ।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका





अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# एन्टी स्नेक भेनम नभएपछि बर्दिवासको सर्पदंश उपचार केन्द्रमा सेवा ठप्प




**अपन दैनिक संवाददाता**
**महोत्तरी, असोज ०१ गते**

महोत्तरीको बर्दिबासमा सञ्चालित सर्पदंश उपचार केन्द्र एन्टी स्नेक भेनमको अभावमा सेवा दिन नसक्ने अवस्थामा पुगेको छ । मधेश र पहाडका आठ जिल्लाका सर्पदंशका बिरामीको उपचार गर्दै आएको सर्पदंश उपचार केन्द्र बर्दिबास-३ गौरीडाँडामा एन्टी स्नेक भेनमको चरम अभाव भएको हो। यसले सेवा बन्द गर्नुपरेको केन्द्रले जनाएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को प्रारम्भदेखि नै विषालु सर्पको टोकाइको उपचारमा प्रयोग हुने उक्त भेनमको अभाव हुँदै आएको केन्द्रले जनाएको छ । उपचार सेवालाई निरन्तरता दिन प्रयत्न गरिए पनि भेनम पाउन नसकेपछि बाध्य भएर सूचना टाँस गर्नुपरेको केन्द्रका अध्यक्ष कृष्णप्रसाद देवकोटा बताउछन्।

“हामीले औषधिका लागि प्रदेश र सङ्घीय सरकारका सम्बद्ध निकायमा निकै धायौं, तर भेनम पाउन सकिएन”, देवकोटाले भने, “यस्तो अवस्थामा सेवा दिन नसकिने भएपछि बाध्य भएर सूचना टाँस गरेका हौं।” केन्द्रले बुधबार साँझदेखि सेवा दिन नसकिने व्यहोराको सूचना टाँस गरेको छ।

विसं २०७१ साउन ३१ गतेदेखि सर्पदंशको उपचार गर्न थालेको केन्द्रले हालसम्म ३३ हजारलाई सेवा दिएर ज्यान बचाएको छ। मधेशका महोत्तरी, धनुषा र सर्लाही, कोशीका उदयपुर र ओखलढुङ्गा तथा बागमती प्रदेशका सिन्धुली र रामेछापसम्मका सर्पदंशका बिरामीले यहाँबाट उपचार सेवा लिँदै आएको विवरण छ। त्यसबाहेक दोलखा, रौतहट र सिरहाका बिरामी पनि समयसमयमा उपचार लिन यहाँ आउने गरेका थिए।

बर्दिबास आफैं सर्पको बिगबिगी भएको स्थानका रूपमा परिचित छ। पछिल्लो दुई महिनायता भेनम पाउनै कठिन भएपछि केन्द्रमा उपचार लिन आउनेलाई सेवा दिन नसक्दा ग्लानी भएको देवकोटा बताउछन्।

आफ्नो ठाउँमा स्थापित भइसकेको केन्द्रबाट उपचार दिन नसक्ने सूचना पढेपछि वरपरका बासिन्दा अब अप्ठ्यारा दिन आउने आशङ्काले चिन्तित छन्।

“सरकारले औषधिको व्यवस्था गरिदिनुपर्छ”, बर्दिबास-३ गौरीडाँडाकै बासिन्दा गीता खतिवडा भन्छिन्, “नभए त उपचार नपाएरै मर्ने अवस्था आउने भयो ।” तीनै तहका सरकार यो समस्याप्रति गम्भीर हुनपर्ने बर्दिबासका सामाजिक सङ्संस्था र नागरिक समाजका प्रतिनिधिको धारणा ।

“ठूलै समस्या देखिएको छ, एन्टी स्नेक भेनमको व्यवस्थापनमा सम्बद्ध पक्ष लाग्नुपर्यो”, अन्तर सङ्घसंस्था समन्वय सञ्जाल बर्दिबासका संयोजक रामकुमार कार्की भन्छन्, “यसका लागि पहिलो पहलकदमी स्थानीय तहको नेतृत्वले लिनपर्छ।”

भेनमको अभावले तत्काल उपचार गर्न नसकिए पनि औषधि उपलब्ध हुनासाथ सेवा सञ्चालन गरिने केन्द्रले जनाएको छ । सो केन्द्रमा नेपाली सेनाका दक्ष प्राविधिकले उपचार सेवा दिँदै आएका छन्।

## भानुबिनाको भानुचोक

ठाउँ वास्तविक अर्थमा भानु चोक ?

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको नामबाट परिचित यो चोकमा अहिले उनको सालिक छैन । उनको स्मरण गराउने कुनै चिनोसमेत छैन । नाम मात्रको भानु चोकले धेरैको मनमा कौतूहल जगाउने गरेको छ। साहित्य अनुरागीका लागि त यो अवस्था झन् पीडादायी अनुभव बन्ने गरेको छ।

चोकको नाम त्यसै राखिएको भने होइन । पहिले उक्त चोकमा रामायणलाई नेपाली भाषामा लेखेर नेपालीका घरघरमा पुर्‍याउने आदिकवि भानुभक्त आचार्यको भव्य प्रतिमा थियो । २०४० सालतिर भानुभक्तको प्रतिमा निर्माण गरी तत्कालीन जनकपुर नगर पञ्चायतले चोकको नामकरण गरेको थियो।

भानु कला परिषद्ले हरेक वर्ष भानु जयन्तीका अवसरमा साहित्यिक कार्यक्रमसमेत गर्दै आएको थियो। जनकपुरधामका विभिन्न ऐतिहासिक ठाउँका विषयमा कलम चलाउँदै आएका प्रफुल्लराज घिमिरेका अनुसार भानु चोकमा विगतमा धेरै साहित्यिक कार्यक्रम हुने गरेका थिए।

पछि मुरली चोकमा मैथिली कवि विद्यापतिको सम्मानमा समेत स्मारक निर्माण गरियो। जनकपुरधाम सद्भावको थलो भएकाले भाषिक सद्भावसमेत कायम हुनुपर्ने भन्दै २०५१ सालतिर विद्यापतिको स्मारक निर्माण गरिएको थियो। त्यसैअनुसार उक्त चोकको नामकरण विद्यापतिकै नामबाट गरिएको थियो।

स्थानीय ज्येष्ठ नागरिक तथा साहित्यकारहरूका अनुसार दशकौंअघि जनकपुरधामका साहित्यप्रेमी र प्रबुद्ध वर्गको पहलमा यस क्षेत्रलाई भानु चोक नामकरण गरिएको थियो। उद्देश्य थियो- भाषा र साहित्यका धरोहर आदिकवि भानुभक्तको सम्मान गर्नु।

समय बित्दै जाँदा चोकको भौतिक संरचना बदलियो। आधुनिक व्यापारिक भवनहरू बने। तर चोकको नामसँग जोडिएका व्यक्तिको परिचय भने ओझेलमा पर्दै गयो। जनकपुरधामका राहुल सिंह भन्छन्, ‘दैनिक हजारौं मानिस भानु चोक भएर ओहोरदोहोर गर्छन्। नयाँ पुस्तालाई यो चोकको नाम किन भानु चोक राखियो भन्ने इतिहास नै थाहा छैन।’

कम्तीमा यहाँ भानुभक्तको पूर्णकद वा अर्धकदको सालिक बनाउनुपर्ने उनको भनाइ छ । त्यसो भए साहित्यकारको सम्मानसँगै चोकको पनि सम्मान हुने उनी बताउँछन्।

‘जनजिब्रोमा अहिले पनि यस ठाउँलाई भानु चोक भनिए पनि वास्तविकतामा नाम दर्शाउने चिनो नै छैन,’ सिंह भन्छन्।

### सालिक बन्यो आन्दोलनकारीको निसाना

पहिचान र संघीयताको नारा उठाउँदै २०६३ सालमा भएको पहिलो मधेश आन्दोलनका क्रममा उक्त चोकमा रहेको भानुभक्तको प्रतिमा आन्दोलनकारीको निसानामा पर्‍यो। आन्दोलनकारीले प्रतिमामा तोडफोड गर्नुका साथै आगजनी गरे। त्यसपछि चोकको नाम ‘रमेश महतो चोक’ राखियो।

सिरहाको लहानमा मधेश आन्दोलनका क्रममा रमेश महतो मारिएका थिए । उनकै नाममा चोकको नाम राखिएको हो । तर जनजिब्रोमा भने उक्त चोक अझै पनि भानु चोककै रूपमा परिचित छ।

पछि एकीकृत सहरी विकास आयोजनाअन्तर्गत सडक विस्तारका क्रममा स्मारकसमेत हटाइयो । सडकको बीचमा परेको कारण २०७१ सालमा सडक विस्तारका क्रममा स्मारक भत्काइएको थियो।

### विवादले निर्माण कार्य ओझेलमा

भानु चोकमा भानुभक्तको सालिकसहित स्मारक निर्माण गर्नुपर्ने भन्दै जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहसमक्ष ज्ञापनपत्र बुझाइएको थियो । त्यसपछि उपमहानगरपालिकाले २०८० सालमा २० लाख रुपैयाँ विनियोजनसमेत गरेको थियो।

उक्त स्थानमा सालिक र नयाँ स्मारकको शिलान्यास गर्न पुगेका नगर प्रमुख साहको विरोधमा मधेश केन्द्रित दलका कार्यकर्ता पुगे । त्यसपछि कार्यक्रम बिथोल्ने प्रयास भयो । शिलान्यास कार्यक्रम दुई पक्षबीचको झडपमा परिणत भयो। असहज परिस्थितिका बीच प्रहरीको घेरामा शिलान्यास गरिए पनि त्यसपछि थप काम अघि बढ्न सकेन।

नगर प्रमुख साहले पटकपटक मधेश केन्द्रित दलका कार्यकर्तालाई बोलाएर छलफल गरे पनि निकास ननिस्किएपछि विनियोजित बजेट फ्रिज भयो । त्यसयता स्मारक निर्माणको विषय ओझेलमा परेको छ।

‘अधिकांश जनता यहाँ सालिक निर्माण हुनुपर्छ भन्ने पक्षमा छन्। तर निर्माण कार्य सुरु गर्दा विवाद बढ्ने अवस्था देखिएपछि अहिले यसलाई त्यत्तिकै छाडिएको हो,’ मेयर साहले बताए।

‘हामी भानुको स्मारक बन्नुपर्छ भन्ने पक्षमा छौं, तर विवाद चाहँदैनौं,’ साह भन्छन्, ‘जनताको चाहना पनि यही छ।’

मधेश केन्द्रित दलले वातावरण बनाए आफूहरू अहिले पनि स्मारक बनाउन तयार रहेको उनको भनाइ छ। रमेश महतोको स्मारक बनाउनुपर्ने भए त्यसका लागि अर्को स्थान रोजिनुपर्ने साह बताउँछन्।

अर्को ठाउँमा महतोको सम्मानमा स्मारक बनाउन आफूहरू तयार रहेको तर विवाद मात्रै गरिरहँदा समस्याको निकास ननिस्कने उनले बताए। विभिन्न हिन्दुवादी धार्मिक संगठनले भानुको स्मारक निर्माणका लागि ज्ञापनपत्र बुझाएपछि आफूले यस विषयमा अग्रसरता लिएको मेयर साहले बताए।

मधेश केन्द्रित दल जनता समाजवादी पार्टीका नेता सञ्जयकुमार चौधरी भने मधेश आन्दोलनको सम्मान सबैले गर्नुपर्ने उल्लेख गर्दै आन्दोलनको भावनाअनुसार नै चोकको नामकरण गरिएकाले रमेश महतोकै स्मारक निर्माण गर्नु उपयुक्त हुने बताउँछन्।

## धनुषाकी ‘चाची’ भारतीय प्रहरीद्वारा सार्वजनिक ...............

भएको पाइएको छ। ‘चाची’, उनका श्रीमान् भरत महासेठ र छोरा राजीव महासेठलगायतमाथि ‘एफआईआर’ दर्ता भएको पाइएको हो। चाचीविरुद्ध तस्करीसँग सम्बन्धित विभिन्न मुद्दा तथा ‘प्राथमिकी’ दर्ता रहेको भारतीय प्रहरीको भनाइ छ। उनका श्रीमान र छोरा राजीवमाथि लागूऔषध, जाली भारतीय नोट (एफआईसीएन), मदिरा तथा अन्य प्रतिबन्धित वस्तुको तस्करीमा संलग्न रहेको आरोप छ।

भारतीय प्रहरीका अनुसार ‘चाची’लाई लामो समयदेखि निगरानीमा राखिएको थियो । नेपालको विभिन्न स्थानमा बस्दै आएकी उनी पक्राउ परेको दिन चौरचन अर्थात् चौठीचान्द पर्व मनाउन घर आएको सूचनाका आधारमा उनलाई नियन्त्रणमा लिई कारबाही अघि बढाइएको हो।

एसपी कुमारले उनीमाथि चारवटा ‘एफआईआर’ अर्थात् मुद्दा दर्ता भएको बताए पनि भारत बिहारका विभिन्न थानामा सातवटाभन्दा बढी मुद्दा दर्ता रहेको अपन दैनिकले फेला पारेको छ।

सम्पर्कमा आएका भारतको बिहार राज्यको ‘स्टेट क्राइम रेकर्डस् ब्यूरो बिहार’का एक प्रहरी अधिकृतले ‘चाची’ अर्थात् हीरादेवी महासेठ, उनका श्रीमान् भरत महासेठ र उनका छोरा राजीव महासेठ सहितमाथि सातवटाभन्दा बढी ‘एफआईआर’ दर्ता रहेको बताएका छन्।

ती अधिकृतका अनुसार उनीहरूमाथि लागूऔषध तथा विभिन्न प्रतिबन्धित सामग्रीको तस्करी, जाली भारतीय मुद्रा ‘एफआईसीएन’ अर्थात् नक्कली भारु नोटको अवैध कारोबारलगायत अन्य गैरकानुनी वस्तुको तस्करी एवं ओसारपसारका मुद्दा रहेका छन्। ब्यूरोमा रहेको रेकर्ड अनुसार सन् २०२३ मा बिहारको बासोपट्टी थानामा दुईवटा ‘एफआईआर’, सन् २०२५ मा एउटा ‘एफआईआर’ रहेको पाइएको छ। त्यस्तै, बासोपट्टी थानामै सन् २०२६ मा थप दुईवटा ‘एफआईआर’ दर्ता भएको छ।

त्यस्तै, बिहारको सीतामढी जिल्लाको भिट्ठा थानामा एक र मधुबनी जिल्लाको मधवापुर थानामा सन् २०२६ मै एक गरी दुईवटा एफआईआर दर्ता रहेको पाइएको छ । अर्थात् दुई जिल्लाका तीन थानामा सन् २०२६ मा मात्रै चारवटा मुद्दा दायर भएको छ । ती मुद्दामा ‘चाची’ अर्थात् हीरा देवी महासेठ, उनका श्रीमान् भरत महासेठ र छोरा राजीव महासेठलाई समेत प्रतिवादी बनाइएको छ।

भरत महासेठ र हिरादेवी महासेठका पाँचजना छोरा रहेका छन्। पाँचैजना छोरा आपराधिक गिरोहमा सक्रिय रहेको भारतीय प्रहरीको दाबी छ । मधुबनी जिल्लाको जयनगर थानाका उपविभागीय प्रहरी अधिकारी अर्थात् डीएसपी सदानन्द कुमारका अनुसार बाँकीको हकमा अनुसन्धान चलिरहेको छ । अरूमाथि पनि बिहार प्रहरीले अनुसन्धान गरिरहेको उनले बताए। मुद्दाको प्रकृतिअनुसार अन्य विभागका अनुसन्धान अधिकारीहरूले समेत अनुसन्धान थाल्ने उनले बताए । उनका अनुसार अझै केहीको खोजी कार्य जारी रहेको छ।

भारतीय प्रहरीले महासेठ पक्राउ परेपछि उनको आपराधिक पृष्ठभूमि र सीमापार तस्करीसँगको सम्भावित सम्बन्धबारे विभिन्न सुरक्षा तथा अनुसन्धान निकायले समेत सोधपुछ गरेका छन्।

महासेठ परिवारमाथि सन् २०२६ मै अधिक मुद्दा दर्ता भएको पाइएको छ। अपन दैनिकसँग कुरा गर्दै एक अनुसन्धान अधिकारीले ‘चाची’ले सन् २०२४ र २०२५ मा भारतीय नक्कली नोट र अवैध सामग्रीको तस्करी अधिक मात्रामा गरेको देखिएको बताए । सोही समयमा नेपाल र भारतका सुरक्षाकर्मीको ‘लाइन’ मिलाएर तस्करीलाई पिकमा पुर्‍याएको पाइएको उनको दाबी छ।

अधिकारीका अनुसार नेपाल र भारतका सुरक्षा निकायको भूमिका र अवैध कारोबार गर्नेहरूको ‘नेक्सस’ तथा सीमा क्षेत्रमा सक्रिय तस्करी नेटवर्कमाथि पनि गहन अनुसन्धान भइरहेको छ।

गत एक महिनाअघि चाचीका श्रीमान् भरत महासेठ ५० हजार भारतीय नक्कली नोटसहित पक्राउ परेका थिए । उनीसँगै शिवकुमार राउतसमेत पक्राउ परेका थिए । यी दुवैसँग ५०० दरका १०० वटा भारतीय नक्कली नोट फेला परेको भारतीय प्रहरीको दाबी छ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

